मिति २०७६/०९/०७ गते बसेको प्रदेश मन्त्रिपरिषद् बैठक संख्या-६३/२०७६को निर्णयहरू:

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं. ३/३९/२०६-२०७६/८/२७ को “सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने” सम्बन्धी प्रस्तावलाई मिति २०७६/०९/०१ मा बसेको ६२ औं मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफलका लागि पठाउने भन्ने निर्णय भएकोमा उक्त प्रस्ताव उपर समितिमा छलफल भई प्रस्तावित कार्यविधिको दफा दफा तथा खण्ड खण्डमा परिमार्जन गरी तयार भई स्वीकृतिका लागि समितिबाट सिफारिस भै आएको “सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६” मा देहाय बमोजिम थपघट समावेश गरी प्रस्तावमा लेखिएबमोजिम गर्ने:-

"क) दफा २ को खण्ड (ट) हटाई खण्डक्रम मिलाउने ।

ख) दफा ७ को उपदफा (१) को खण्ड (घ) पछि देहायबमोजिम प्रतिवन्धात्मक वाक्यांश थप गर्ने-

“तर प्रतिनिधि उपस्थित नभएकै कारणले मात्र समिति गठन गर्न बाधा पर्ने छैन।”

ग) दफा ७ को उपदफा (१) को खण्ड (ङ) हटाई खण्डक्रम मिलाउने ।

घ) दफा ७ को उपदफा (७) मा रहेको “बैशाख” भन्ने शब्दको सट्टामा “चैत्र” भन्ने शब्द कायम गर्ने ।

ङ) दफा ८ को खण्ड (ङ) को अन्त्यमा रहेको “र” लाई हटाई खण्ड (च) को अन्त्यमा राख्ने ।

च) दफा २२ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) कायम गर्ने-

“(२) यसपूर्व गठन भई तोकिएको कार्य सम्पन्न नभएको अवस्थामा त्यसरी गठन भएको उपभोक्ता समिति यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ । त्यस्तो समितिले यो कार्यविधि लागू भएपश्चात् गर्ने बाँकी काम कारवाही यसै कार्यविधि बमोजिम सम्पन्न गर्नुपर्नेछ ।”

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/२१/२१०-२०७६/०९/०७ को “सुपथ मूल्य पसल सञ्चालन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६ स्वीकृत गर्ने” सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्ने:-

“मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णयबमोजिम गर्ने”

३. सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव श्री नारायणप्रसाद विडारीको सरुवा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंमा भई मिति २०७६/०९/०८ देखि रमाना हुने भएकोले निजले यस मन्त्रिपरिषद्को सचिवको रुपमा रही गर्नुभएको योगदानको उच्च मूल्यांकन गर्दै वृत्ति विकासको लागि शुभकामना सहित धन्यवाद दिने।